# नेपाल प्रहरी प्रधान कार्यालय
# मानव बेचबिखन अनुसन्धान व्युरो
## बबरमहल,काठमाण्डौ

## प्रेस विज्ञप्ति-५१

## “बैदेशिक रोजगारीको बाहानामा दुवई पुर्‍याई मानव बेचबिखन गर्ने अभियुक्त पक्राउ”



### पक्राउ अभियुक्तको विवरण :-

**नाम:- मनोज महर्जन**

**उमेर :-४२ वर्ष**

**स्थायी वतन:- जिल्ला ललितपुर,**

**ललितपुर महानगरपालिका वडा नं. ८ ।**

### प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको तथ्यहरु:-

१. जाहेरवालाको आफन्तले यस ब्युरोमा जाहेरवालालाई उद्दार गरि पाउँ भनि निवेदन दिएपश्चात ब्युरोबाट सम्बन्धित निकायहरुको समन्वय तथा सहकार्यमा जाहेरवाला मिति २०८०।१२।१९ गते दुबईबाट उद्दार भई आएको,

२. हाल पक्राउ परेका प्रतिवादी यस अघी पनि **वैदेशिक रोजगार ठगी सम्बन्धी मुद्दामा ७ (सात) वर्ष कैद** भुक्तान गरी मिति २०७९ सालको चैत्र महिनामा कारागारबाट छुटेको खुल्न आएको,

३. प्रतिवादीले जाहेरवालालाई संयुक्त अरब ईमिरेट्सको दुबई शहरमा टिस्यु पेपर प्याक गर्ने कम्पनिमा मासिक १८०० दिराम तलब हुने वैदेशिक रोजगारीमा पठाईदिने प्रलोभन देखाई जम्मा लागत रकम रु. २ लाख ५० हजार लाग्ने भनि जाहेरवालाबाट रु. २,९०,०००।- लिएको खुल्न आएको,

४. जाहेरवालालाई प्रतिवादी मनोज महर्जनले श्रम स्वीकृतिको सम्पूर्ण प्रकृया पुरा गरी वैदेशिक रोजगारीको पठाउने भनि झुक्याई **भिजिट भिसामा** मिति २०८०।११।०७ गते त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थल काठमाण्डौबाट दुवईमा पुर्याई घरेलु कामदारहरु पठाउने एजेन्ट अफिसमा लगि बेचबिखन गरेको खुल्न आएको,

५. एजेन्ट अफिसले जाहेरवालालाई बन्धक बनाई बिभिन्न व्यक्तिहरुको घरमा घरेलु कामदारको रुपमा पठाई शारीरिक तथा मानसिक यातना दिई विना पारिश्रमिक दैनिक १८ देखि २० घण्टा सम्म घरायसी काममा लगाई चरम श्रम शोषण समेत गरेको खुल्न आएको,

६. पीडितको जाहेरी दरखास्तको आधारमा प्रतिवादी मनोज महर्जनलाई मिति २०८१।०३।०७ गते जिल्ला काठमाण्डौ का.म.न.पा.वडा नं.८ गौशला बाट पक्राउ गरी मानव वेचबिखन तथा ओसारपसार मुद्दामा सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट दिन ५(पाँच) को म्यादथप अनुमती लिई आवश्यक अनुसन्धान कार्य भई रहेको

**मिति: २०८१/०३/१० गते ।**

**सूचना अधिकारी**
**(गौतम मिश्र)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर:-९८५१२८११६०**